(श) सरकारको नीति बदलाउने उद्देश्य लिई कसैले सरकारी काम कारवाईको सम्बन्धमा वैधानिक तरिकाले संयमपूर्ण भाषामा स्वस्थ आलोचना गरेकोमा निज उपदफा [ख] [२] बमोजिम सजायको भागी हुनेछैन।

लालमोहर सदर मिति २०१४ साल मार्ग १६ गते रोज ४ शुभम्.

आज्ञाले—
नयनबहादुर खत्री खत्री,
सेक्रेटरी-कानून तथा संसदीय प्रबन्धसचिवालय.

## कानून तथा संसदीय प्रबन्धसचिवालय

श्री ५ महाराजाधिराज बाट बनाइ बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिप्रोजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

२०१४ सालको ऐन नं. १३

## मधेश गोस्वारा ऐनलाई संशोधन गर्ने ऐन

मधेश गोस्वारा ऐन, २०१२ [ यसपछि मूल ऐन भनिएको ] लाई संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>-(१) यस ऐनको नाम-"मधेश गोस्वारा (संशोधन) ऐन, २०१४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

४६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल ऐनको दफा १ को उपदफा [१] १ [ल] मा संशोधनः– मूल ऐनको दफा १ को उपदफा [१] १ [ल] को सट्टा निम्नलिखित उपदफा [१] १ [ल] राखिएको छः—

[१] (१) कुनै व्यक्तिले लेखेर वा वचनले वा आकार चिन्हद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ महाराजाधिराज वा राजपरिवार प्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा ठाडै कारबाई गरी त्यस्ता व्यक्तिलाई अन्य नेपाल कानूनले हुने सजायमाथि ३ बर्षसम्म कैदै वा रु ३०००। तीन हजारसम्म जरिबाना वा दुवै सजाय बडाहाकिमले गर्न सक्नेछन् ।

(२) कुनै व्यक्तिले लेखेर वा वचनले वा आकार चिन्हद्वारा वा अरु कुनै किसिमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कानूनअनुसार स्थापित सरकारप्रति वा सरकारले गरेको वा नगरेको काम कारबाईको उल्लेख गरी निराधार, अप्रामाणिक कुरालाई देखाई घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा ठाडै कारबाई गरी त्यस्ता व्यक्तिलाई अन्य नेपाल कानूनले हुने सजायमाथि २ बर्षसम्म कैद वा रु. २००। दुइ हजारसम्म जरिबाना वा दुवै सजाय बडाहाकिमले गर्न सक्नेछन् ।

(३) कुनै सरकारी कर्मचारीलाई निजले गर्नु पर्ने कर्तव्यबाट विचलित गर्न गराउनको लागि वा कर्तव्य पालन गर्नमा बाधा उपस्थित गर्नेको लागि कुनै व्यक्तिले कुनै किसिमबाट केही गरे गराएमा त्यस्ता व्यक्तिलाई ठाडै कारवाई गरी ६ महिनासम्म कैद वा रु ५००। पाँचसयसम्म जरिवाना वा दुवै सजाय बडाहाकिमले गर्न सक्नेछन् ।

(४) सरकारको नीति बदलाउने उद्देश्य लिई कसैले सरकारी काम कारवाईको सम्बन्धमा वैधानिक तरिकाले संयमपूर्ण भाषामा

४६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।